# डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको
# सोह्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन २०६३ र नियमावली बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री दिपक खनालको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

२. **सभाको मिति,स्थान र समयः**

सभाको मितिः २०७४ साल पौष २७ गते, बिहीवार ।
सभाको स्थानः भरतपुर गार्डेन रिर्सोट, भरतपुर, चितवन ।
समयः विहान ११:०० बजे प्रारम्भ भई दिउसो १२:४५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन २०६३ को दफा ६७ तथा बैंकको नियमावलीको नियम ४(३) बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष ०७३/७४ को वार्षिक प्रतिवेदन एवं वित्तीय बिवरणहरू समेत शेयरधनीहरूको ब्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७४ पौष ६ गतेको "नागरिक" राष्ट्रिय दैनिक र २०७४ पौष ११ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा सभा हुने मिति, स्थान, समय, र छलफल हुने विषयहरूको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थितिः**

४.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

१. श्री दिपक खनाल अध्यक्ष
२. श्री प्रकाशबहादुर श्रेष्ठ सञ्चालक
३. श्री शेषरमण आचार्य सञ्चालक
४. श्री बासुप्रसाद उपाध्याय सञ्चालक
५. श्री यज्ञप्रसाद शर्मा सञ्चालक
६. श्री राजुनाथ खनाल सञ्चालक

४.२ अन्य पदाधिकारीहरूको उपस्थितिः

श्री अमराज खड्का प्रमुख कार्यकारी अधिकृत

श्री ज्ञानेन्द्रप्रसाद अर्याल कम्पनी सचिव

४.३ शेयरधनीहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः १८६ जना

४.४ अन्य आमन्त्रितहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः ९ जना

५. **गणपुरक संख्या ( कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):**

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (सवै समुह) | ५,२२६ | १८६ | |
| ग्रहण गरेको कित्ता | ६०,६१,२१०/३५७५ | ४०,१९,४५५ | ६६.३१ प्रतिशत |

६. **सभाको बैधानिकता र अध्यक्षताः**

६.१ कम्पनी ऐन २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या १८६ जना भएको र कुल शेयरको ६६.३१ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ निर्धारित समय तालिका अनुसार बिहान ११:०० बजे बैंकको नियमावलीमा ब्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्नु पर्ने ब्यवस्थाको जानकारी गराउंदै सञ्चालक समितिका अध्यक्ष श्री दिपक खनालज्यूलाई सोह्रौं वार्षिक साधारणसभाको अध्यक्षता ग्रहण गर्न कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.३ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पुर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.४ बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अमराज खड्काले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

७. **छलफलको विषयः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.०७३/७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७३/७४ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह बिवरण सहित सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने,

३. सञ्चालक समितिको सिफारिस बमोजिम बैंकको आ.व. ०७३/७४ को मुनाफाबाट चुक्ता पुंजीको १५ प्रतिशतले हुन आउने रकम रू.९,०९,१८,१५५/३६ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्ने,

४. आ.व.०७४/७५ को लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, (बर्तमान लेखापरीक्षक सि.ए. सुदर्शन राज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी कम्पनी ऐन,२०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागि योग्य रहेको)

५. यस बैंकको सर्वसाधारण शेयरधनीहरू समूह"ख"को तर्फबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) बिशेष प्रस्तावः**

१. बैंकको नाम परिमार्जन गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा (१) र नियमावलीको नियम (१) मा आवश्यक संशोधन गर्ने,

२. बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४(१) मा भएको ब्यवस्था बमोजिम सञ्चालकहरूको संख्या कायम गर्ने र सोही अनुसार नियमावलीको नियम ८(२)मा आवश्यक संशोधन गर्ने,

३. लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेडको नाम परिवर्तन भई लुम्बिनी विकास बैंक लिमिटेड भएकोले सोही बमोजिम यस बैंकको प्रबन्धपत्रको दफा १२ र नियमावलीको नियम ४५ मा रहेको क्र.सं ४ को दोश्रो कोलममा संशोधन गर्ने,

४. सञ्चालक समितिको सिफारिस बमोजिम बैंकको आ.व. ०७३/७४ को मुनाफा तथा शेयर प्रिमियम रकम समेतबाट चुक्ता पुंजीको १६ प्रतिशतले हुन आउने रकम रू.९,६९,७९,३६६/– बराबरको बोनस शेयर बितरण गर्ने र बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी बमोजिम बैंकको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने,

५. सञ्चालकहरूको भ्रमण भत्ता सम्बन्धमा छलफल गरी नियमावलीको नियम ३१(१) (ग) मा संशोधन गर्ने,

६. यस बैंकको प्रबन्धपत्रको दफा ३ (१) मा वित्तीय संस्थाको उद्देश्य थप गर्ने,

७. प्रबन्धपत्रको दफा ४ र नियमावलीको नियम ८(३), नियम १०, नियम १६ र नियम १७ मा संशोधन गर्ने,

८. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

## ८. सोह्रौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः

८.१ सभाको प्रारम्भको क्रममा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. ०७३/७४ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ.व.को पहिलो त्रैमासिक प्रगतिको संक्षिप्त बिवरण अध्यक्षले सभामा पढेर सुनाउनु भयो ।

८.२ तत्पश्चात् अध्यक्षले सभा समक्ष आर्थिक वर्ष ०७३/७४ को कूल मुनाफा रू. ४१ करोड १६ लाख ४४ हजार ९४६/८८ मध्ये नियमानुसार रू. ३ करोड ७४ लाख २२ हजार २६८/०० कर्मचारी वोनस, रू. १२ करोड ०५ लाख ४२ हजार ६९५/५८ आयकरको लागि छुट्टयाई सो पश्चात स्थगन कर आम्दानी रू. २१ लाख ८३ हजार ०१४/०० सहित बांडफांडको लागि प्राप्त रू. २५ करोड ५८ लाख ६२ हजार ९९७/३० बाट कानुनी प्रावधान अनुसार रू. ५ करोड ११ लाख ७२ हजार ६००/०० साधारण जगेडा (General Reserve) कोषमा राख्न र उपर्युक्त अनुसार बांडफांड पछि बांकी रहन आएको रू. २० करोड ४६ लाख ९० हजार ३९७/३० र गत वर्षको संचित नाफा रू. २ करोड ९० लाख ५८ हजार ०५८/८७ र शेयर प्रिमियम वापतको रकम रू. २ करोड ३४ लाख ३६ हजार ३७६/४० सहित जम्मा रू. २५ करोड ७१ लाख ८४ हजार ८३२/५७ मध्ये कर्मचारी कल्याण कोषमा रू १५ लाख, ग्राहक सुरक्षण कोषमा रू. १ करोड ९२ लाख २६ हजार ९५९/०० तथा नगद लाभांश रू. ९ करोड ०९ लाख १८ हजार १५५/३६ (१५ प्रतिशत, बोनस शेयर र नगद लाभाशंमा लाग्ने कर समेत) र बोनस शेयर रू. ९ करोड ६९ लाख ७९ हजार ३६६/०० (१६ प्रतिशत) बितरण गर्न, कर्मचारी दक्षता अभिबृद्धि कोषमा रू. ३१ लाख ०८ हजार ६४२/००, संस्थागत सामाजीक उत्तरदायित्व कोषमा रू. २५ लाख ५८ हजार ६२९/९७ तथा रू. २१ लाख ८३ हजार ०१४/०० स्थगन कर जगेडा कोषमा सारेर उपर्युक्त बांडफांड पश्चात बांकी रहन आएको रू. ४ करोड ०७ लाख १० हजार ०६६/२३ संचित नाफाको रूपमा वासलातमा सारिएको, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण तथा सो संग सम्बन्धित अनुसूचीहरू समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान तथा छफलमा सहभागी शेयरधनी महानुभावहरूः

९.१ बैंकको आ.व.०७३/७४ को वार्षिक प्रतिवेदन, २०७४ आषाढ मसान्तको वासलात, आ.व. ०७३/७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुभाव भए जानकारी गराउन अध्यक्षले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरू प्रत्यक्ष रूपले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुभावहरू ब्यक्त गर्नु भयोः–

१. श्री महेन्द्रबहादुर श्रेष्ठ

२. श्री रणकेशव प्रधान

३. श्री सुर्यनारायण पौडेल

४. श्री पिताम्वरप्रसाद आचार्य

**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूको आ–आफ्नो विचार प्रस्तुतिकरणः**

### १. श्री महेन्द्रबहादुर श्रेष्ठ

- १५ प्रतिशत नगद लाभाशं र १६ प्रतिशत बोनश शेयर वितरण गर्ने प्रस्ताव गरेकोमा सञ्चालकहरूलाई धन्यवाद दिन चाहन्छु ।
- लघुवित्त भनेको नाफामुखी भन्दा सेवामुखी हुन्छ।
- गरिबी निवारण गरेर शेयरधनीधनीहरूलाई नाफा वितरण गर्नु सकारात्मक देखिन्छ।
- पहाडी क्षेत्रमा होटल र ट्रेकिङ्ग ब्यवसाय खस्किदै गएको छ, त्यस्ता ठाउका गरिव महिलाहरूलाई लगानी गरेमा गरिवि निवारण हुन्छ।
- ग्रामिण क्षेत्रका गाऊपालिका र नगरपालिकाका वडा कार्यालयहरूसंग सहकार्य गरेर लघुवित्त कार्यक्रम गर्न सके राम्रो हुन्छ।
- ग्रामिण क्षेत्रका महिलाहरूलाई Insurance संग Tie up गरेर उत्पादन गरेमा राम्रो हुन्छ।
- ग्रामिण भेगको उत्पादन मुलक क्षेत्रमा लगानी गरेर स्वदेशी बस्तु उत्पादन गर्न पाए अन्य देशको भर पर्नु पर्ने थिएन।
- संस्थागत सामाजिक उत्तरदायित्वमा मुनाफाको १ प्रतिशत लगानी गर्नु पर्ने भनी नेपाल राष्ट्र बैंकले ल्याएको नीति एकदम राम्रो छ।

- स्वतन्त्र सञ्चालक नियुक्ति गर्नु पऱ्यो ।
- Demat A/C मा Dividend जम्मा हुने ब्यवस्था मिलाउनु पऱ्यो।
- बैंकको घर घडेरी खरिद गर्नु पऱ्यो।
- बैंकको कार्यक्रमलाई आधुनिक सूचना प्रणाली (online software) मार्फत कारोबार गर्ने ब्यवस्था मिलाउनु पऱ्यो ।
- साधारण सभा चाडै गर्न पाए राम्रो हुने थियो ।
- बजारमा तरलताको कमी भएकोले लघुवित्तलाई Liquidity को अवस्था कस्तो छ?
- संस्थाको पुंजी बृद्धि गर्दै लानु पर्दछ।
- शेयरधनीहरूलाई लघुवित्त सम्बन्धी सुचना उपलब्ध गराउदा उनीहरूले लघुवित्त सम्बन्धी जानकारी पाउने थिए ।
- बैंकले राम्रो प्रगती गरेकोमा सञ्चालक समितिलाई धन्यबाद दिन चाहन्छु।
- आगामी वर्षमा लाभांश धेरै दिन पाए राम्रो हुने थियो।

२. **श्री रणकेशब प्रधान**

- बैंकको वार्षिक प्रतिबेदन र वासलातमा सबै कुरा उल्लेख भएकोले भन्न पर्ने केही छैन।
- संस्थाले क्रमिक रूपमा प्रगती गर्दै गईरहेको छ, जुन एकदम राम्रो छ।
- पूर्व सञ्चालकको रूपमा यस संस्थामा मेरो संलग्नता भएकोले संस्थाको माया रहेको छ।
- शुरूमा थोरै पुंजी भएकोले धेरै प्रतिफल प्राप्त गर्दथ्यौ भने अहिले पुंजी बृद्धि भएकोले प्रतिफल सोही बमोजिम सन्तुष्ट रूपमा पाएका छौं।
- संस्थाको सञ्चालकहरू र कर्मचारीहरूको मेहनतले यो प्रतिफल प्राप्त गरेका हौं।
- संस्थाको घर घडेरी खरिद सम्बन्धी बिषय प्रत्येक साधारण सभामा उठेको छ र हालसम्म के कती कारणले खरिद नभएको हो ? जानकारी पाउन पाए हुन्थ्यो ।
- यस वर्ष सर्वसाधारण समुह तर्फको सञ्चालकहरूको निर्वाचन भएको छ । निर्विरोध निर्वाचित हुनु भएका सञ्चालकहरूलाई सामुहिक बधाई दिन चाहन्छु।
- आगामी दिनमा शेयरधनीहरूले पाउने मुनाफा अझ बृद्धि होस् भन्ने चाहन्छु।

३. **श्री सुर्यनारायण पौडेल**

- नेपाल राष्ट्र बैकले बैंकहरूलाई मर्जरको नीति ल्याएको छ। सो बमोजिम हुन सकेको छैन, बैंकहरूले आफै पुंजी बढाएर प्रतिस्पर्धा गरिरहेका छन् ।
- राष्ट्र संघिय संरचनामा गई सकेको हुनाले आगामी दिनका लागि संस्थाको नीति र कार्यक्रम कस्तो रहेको छ ?
- नयाँ नेपालको सर्न्दभमा लघुवित्त संस्थाहरूको लगानीका क्षेत्रहरू कस्तो हुन सक्दछ ?
- एम फिल र स्नातकोत्तर पढेका बिद्यार्थीहरूलाई लघुवित्त सम्बन्धी Topic मा research गरी proposal पेश गर्न लगाएमा संस्थाले आगामी दिनमा बनाउने रणनीतिहरू तय गर्नमा सहयोग पुग्दछ।
- लघुवित्त कार्यक्रम गर्ने संस्थाहरूको कार्यालयहरूमा Manual कारोबार गरेको पाईएको छ, यि कार्यालयहरू computerized हुनु पऱ्यो र सफ्टवेयर प्रयोग गर्नु पऱ्यो ।
- लाभाशं बुझिलिन बाँकी रहेको रकम न्यूनिकरण गर्न र Dividend रकम समयमा जम्मा गर्न Share Registrar लाई भन्नु पऱ्यो।
- बैंकको आफ्नै घरजग्गा हुन जरूरी छ।
- सञ्चालक रहदा रहदै के कति कारणले नेपाल बैक लिमिटेडले ठुलो संख्याको शेयर बजारमा ल्याएको हो ?

४. **श्री पिताम्बरप्रसाद आचार्य**

- १६ प्रतिशत बोनस शेयर र १५ प्रतिशत नगद लाभाशं दिन सफल भएकोमा सञ्चालकहरूलाई आभार ब्यक्त गर्न चाहन्छु।
- बि.सं. २०५२ सालमा स्टयान्डर्ड चाटर्ड बैकबाट रू.५ लाख कर्जा लिएर रौटहट जिल्लाको बरियारपुरबाट शुरू गरेको कार्यक्रम आज ५ अर्व भन्दा बढी लगानी गरी देशको ६३ जिल्लामा सेवा पुऱ्याउन सफल भएको छ, जुन सञ्चालकज्युहरू र कर्मचारीहरूले गरेको अथक परिश्रमको फल हो।
- लघुवित्त कार्यक्रम गरिवि निवारणको लागि Tools को रूपमा बिकास भएको छ।
- लघुवित्त कार्यक्रमले द्वन्दको समयमा पनि विकासको लागि टेवा पुऱ्याएको छ।

- हिजोको समयमा लघुवित्त सेवा राम्रो किसिमको बिचार भएकोमा हाल आएर मागी खाने भाँडो भएको हो कि भन्ने अनुभुती भएको छ।
- नियमनकारी निकायको लघुवित्त प्रतिको भुमिका घट्दै गएको हो कि भन्ने अनुभुती भएको छ।
- बाणिज्य बैकहरूले लघुवित्त क्षेत्रमा लगानी गर्नुपर्ने नीतिलाई नेपाल राष्ट्र बैंकले सुधार गरेको छ।
- नेपाल राष्ट्र बैकले लघुवित्तहरूलाई उनीहरूले गर्ने लगानीको ब्याजदरमा क्याप लगाई १८ प्रतिशत उच्चतम ब्याजदर निर्धारण गरेको छ ।
- बजारमा ब्याजदर बढेकोले बैंकको गत वर्षको ३ महिनाको भन्दा यस वर्षको ३ महिनाको आम्दानी घटेको छ।
- Base Rate को बिषयमा नेपाल राष्ट्र बैंकसंग कुरा राखेको छु ।
- नेपाल राष्ट्र बैंकले बाणिज्य बैंकहरूलाई मर्जर गर्ने रणनीतिले बाणिज्य बैंकहरूले हकप्रद शेयर जारी गरेर पुंजी बढाएका छन्।
- लघुवित्त संस्थाहरूलाई हकप्रद शेयर जारी गर्न नदिई पुंजी बढाएर १ अर्व पुऱ्याउने हो भने लघुवित्त संस्थाहरू १० वटा मात्र हुन्छन् जसले दोहोरोपना घटेर जानेछ ।
- भौतिक पुर्वाधार जोडनु अत्यन्त राम्रो कुरा हो, सञ्चालकहरूलाई संस्थाको भवन खरिद गर्न पुन अनुरोध गर्दछु।
- Capital बढेर गएपछि त्यही तुलनामा Dividend पाउन सकिदैन ।
- आगामी दिनमा Dividend कम होस् तर Sustainable होस् ।

१०. <u>**सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफः**</u>

शेयरधनी महानुभावहरूले सभामा ब्यक्त गर्नु भएका विचारहरू प्रति आभार ब्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर सभाका अध्यक्षज्यूले सामुहिक रूपमा देहाय बमोजिम उत्तर दिनुभयोः–

- बैंकले गरिवी निवारण लगायत सामाजिक क्षेत्रमा योगदान गरी शेयरधनीहरूलाई राम्रो प्रतिफल दिन सफल भएको छ भनी स्वयम शेयरधनीहरूको तर्फबाट महसुस गरिनु र प्रगतीको प्रशंसा शेयरधनीहरूबाट पाउनुले सञ्चालक समिति र बैंक परिवारलाई हौसला र प्रेरणा मिलेको छ ।
- मनाङ्ग, मुस्ताङ्ग र सेवा पुग्न बाकी  रहेका अन्य जिल्लाहरूमा आगामी दिनमा शाखा बिस्तार गर्नेछौ ।
- स्वतन्त्र सञ्चालकको नियुक्ति यस आ.व. भित्र गर्नेछौ ।
- स्थानिय निकायहरूसंग सहकार्य गरेर कार्यक्रम बिस्तार गरिरहेका छौं ।
- संस्थागत सामाजीक उत्तरदायित्व (CSR) मा नाफाको १ प्रतिशत रकम राख्नुपर्ने हुन्छ र CSR कार्यक्रम अन्तर्गत गत बर्ष नुवाकोटमा यस वर्ष बारा र तनहुको बिद्यालयहरूमा आर्थिक सहयोगको कार्यक्रम गरिएको छ ।
- केन्द्रीय कार्यालय सार्नको लागि नेपाल राष्ट्र बैंकसंग अनुरोध गरी प्रयास गरिरहेका छौ। केन्द्रिय/कर्पोरेट कार्यालय काठमाण्डौमा सार्न स्वीकृति प्राप्त भएमा काठमाण्डौमा र बैकको मुख्य कार्यालय नारायणगढ, चितवनमा आगामी वर्ष भित्रमा बैंकको घरजग्गा खरिद गर्ने ब्यवस्था मिलाउने छौ ।
- लघुवित्त वित्तीय संस्थाहरूले लगानी गरेको फिनसफ्ट सफ्टवेयर कम्पनीको सञ्चालकमा प्रतिनिधित्व गरेका छौं । फिनसफ्ट सफ्टवेयर कम्पनीको सफ्टवेयर आउन नसके पनि हामीले online सफ्टवेयर सम्बन्धमा अन्य अध्ययन गरिरहेका छौ, यस बर्ष भित्र online सफ्टवेयर जडान गर्ने छौं ।
- आगामी दिनमा साधारण सभा समयमा गर्ने छौ ।
- यस बर्षको पहिलो त्रैमासमा कर्जाको ब्याजदर बढेकोले गत बर्षको पहिलो त्रैमासमा भन्दा यस वर्षको पहिलो त्रैमासमा नाफा कम भएको हो ।
- यस आर्थिक वर्षको लागि आवश्यक फण्डको ब्यवस्था मिलाएका छौं।
- Saving बढाएका छौं। थप बचत बृद्धिको लागि नया Saving Product ल्याउने छौं।
- शेयरधनीहरूलाई Dividend को लागि बैंकको नजिकको शाखामा गई फर्म भरी पठाउन अनुरोध गर्दछौ। शेयरधनीहरूको बुझिलिन बाकी रकम शेयरधनीहरूसंग सम्पर्क गरेर Deposit गर्ने ब्यवस्था मिलाउने छौं।
- नेपाल बैंक लिमिटेडको पुंजी बृद्धि योजना अनुरूप बनेको capital plan बमोजिम नेपाल राष्ट्र बैंकसंग स्वीकृति लिएर नेपाल बैंक लिमिटेडले शेयर बेचेको हो।

११. **सभाको निर्णयः**

**(क) साधारण प्रस्ताव तर्फः**

१. निर्धारित बिषयसूची (क) १. अनुरूप सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. ०७३/७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

सभामा प्रस्तुत आ.व. ०७३/७४ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षले पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा प्रस्तुत प्रतिवेदन सर्वसम्मतीबाट पारित गरियो ।

२. निर्धारित बिषयसूची (क) २. अनुरूप लेखापरीक्षकको प्रतिबेदन सहित आ.व. ०७३/७४ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह बिवरण तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने,

लेखापरीक्षकको प्रतिबेदन सहित आ.व. ०७३/७४ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह बिवरण र सो संग सम्बन्धित अनुसूचीहरू पारित गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उल्लेखित वित्तीय बिवरणहरू सर्वसम्मतीले पारित गरियो ।

३. निर्धारित बिषयसूची (क) ३. अनुरूप सञ्चालक समितिको सिफारिश बमोजिम बैंकको आ.व.०७३/७४ को मुनाफाबाट चुक्ता पुँजीको १५ प्रतिशतले हुन आउने रकम रू.९,०९,१८,१५५/३६ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न स्वीकृत गर्ने,

आ.व.०७३/७४ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट सञ्चालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूंजीको १५ प्रतिशतले हुन आउने रकम रू. ९,०९,१८,१५५/३६ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न स्विकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम बितरण गर्न सभाबाट सर्वसम्मतीले स्विकृत गरियो ।

४. निर्धारित बिषयसूची (क) ४. अनुरूप आ.व ०७४/७५ को लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. ०७४/७५ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा लेखापरीक्षण समितिको सिफारिश बमोजिम सुदर्शनराज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्‌लाई सर्वसम्मतीबाट लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो। बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, दफा ७८ र लङ्गफर्म अडिट रिर्पोट,आदि तयार गरे वापत सुदर्शनराज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्‌लाई भ्याट सहित रू ३ लाख ३९ हजार पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतले पारित गरियो।

५. निर्धारित बिषयसूची (क) ५. अनुरूप यस बैंकको सर्वसाधारण शेयरधनीहरू समुह “ख” को तर्फबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने,

यस बैंकको सर्वसाधारण शेयरधनीहरू समुह “ख” को तर्फबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्न सभा समक्ष प्रस्ताव गरिएकोमा डा. भृगुऋषि दुवाडी, श्री रीता पौडेल, श्री रमेशकुमार रघुबंशी ४ वर्षे कार्यकालको लागि निर्विरोध निर्वाचित हुनु भयो। निर्वाचित सबै सञ्चालकहरूलाई हार्दिक स्वागत गर्दै उहांहरूको कार्यकालको सफलताको कामना गरियो ।

साथै, यस अधि सर्वसाधारण समुहबाट संचालक समितिमा प्रतिनिधित्व गरिरहनु भएका सञ्चालकहरू श्री प्रकाशबहादुर श्रेष्ठ र श्री बासुप्रसाद उपाध्यायले यस बैंकलाई पुर्‍याउनु भएको योगदान प्रति धन्यवाद दिदै हार्दिक आभार ब्यक्त गरियो ।

(ख) **बिशेष प्रस्ताव तर्फः**

१. बैंकको नाम परिमार्जन गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा(१) र नियमावलीको नियम (१) मा आवश्यक संशोधन गर्ने,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ३२(५)र (६) मा भएको ब्यवस्था बमोजिम बैकको नाम परिमार्जन गर्न अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको प्रबन्धपत्रको दफा (१) तथा नियमावलीको नियम १ मा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

***प्रबन्धपत्रमा***

**१. कम्पनीको नाम :**
*यस कम्पनीको नाम "डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ। र यसलाई अग्रेजीमा Deprosc Laghubitta Bittiya Sanstha Limited भनिनेछ, जसलाई यसपछि "लघुवित्त वित्तीय संस्था" भनिएको छ ।*

***नियमावलीमा***

**१. कम्पनीको नाम :**
*यस कम्पनीको नाम "डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ। र यसलाई अग्रेजीमा Deprosc Laghubitta Bittiya Sanstha Limited भनिनेछ, जसलाई यसपछि "लघुवित्त वित्तीय संस्था" भनिएको छ ।*

२. बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४(१) मा भएको ब्यवस्था बमोजिम सञ्चालकहरूको सख्या कायम गर्ने र सोही अनुसार नियमावलीको नियम ८(२)मा आवश्यक संशोधन गर्ने,
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४(१) मा भएको ब्यवस्था बमोजिम सञ्चालकहरूको सख्या कायम गर्न अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको नियमावलीको नियम ८ (२) मा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

***नियमावलीमा***

**८. सञ्चालकको संख्या र कार्यकालः**

(२) यस बैंकमा ७ जना सञ्चालक समिति हुनेछ। सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछः

| समुह | मनोनित/ निर्वाचित सदस्य संख्या | जम्मा सख्या |
|---|---|---|
| समुह "क"संस्थापक सदस्यहरूबाट | ३ | ३ |
| समुह "ख" साधारण शेयर होल्डरहरूबाट | ३ | ३ |
| स्वतन्त्र सञ्चालक | १ | १ |
| जम्मा | | ७ |

३. लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेडको नाम परिवर्तन भई लुम्बिनी विकास बैंक लिमिटेड भएकोले सोही बमोजिम यस बैंकको प्रबन्धपत्रको दफा १२ र नियमावलीको नियम ४५ मा रहेको क्र.सं ४ को दोश्रो कोलममा संशोधन गर्ने,

यस बैंकको संस्थापक शेयरधनी लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड र भिबोर सोसाईटी डेभलपमेण्ट बैंक लिमिटेड मर्ज भई लुम्बिनी बिकास बैंक लिमिटेड भएकोले संस्थापक शेयरधनी लुम्बिनी बिकास बैंक कायम गर्न अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको प्रबन्धपत्रको दफा १२ र नियमावलीको नियम ४५ मा रहेको क्र.सं ४ को दोश्रो कोलममा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रमा**

१२. संस्थापकहरूले तत्काल लिन कबुल गरेको शेयर संख्याः

| क्र.स. | संस्थापकको नाम, ठेगाना र सहिछाप |
| --- | --- |
| ४ | द................................<br>लुम्बिनी बिकास बैंक लिमिटेड डिल्लीबजार,काठमाण्डौ<br>तर्फबाट चिन्तामणी भट्टराई, कार्यकारी निर्देशक |

**नियमावलीमा**

४५. संस्थापकहरूले तत्काल लिन कबुल गरेको शेयर संख्याः

| क्र.स. | संस्थापकको नाम, ठेगाना र सहिछाप |
| --- | --- |
| ४ | द................................<br>लुम्बिनी बिकास बैंक लिमिटेड डिल्लीबजार,काठमाण्डौ<br>तर्फबाट चिन्तामणी भट्टराई, कार्यकारी निर्देशक |

४. सञ्चालक समितिको सिफारिस बमोजिम बैंकको आ.व. ०७३/७४ को मुनाफा तथा शेयर प्रिमियम रकम समेतबाट चुक्ता पुंजीको १६ प्रतिशतले हुन आउने रकम रू.९,६९,७९,३६६/– बराबरको बोनस शेयर बितरण गर्ने र बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी बमोजिम बैंकको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने,

आ.व.०७३/०७४ को मुनाफा तथा शेयर प्रिमियम रकम समेतबाट सञ्चालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पुंजीको १६ प्रतिशतले हुन आउने रकम रू.९,६९,७९,३६६/–बराबरको बोनस शेयर बितरण गर्न र बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी बमोजिम बैंकको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्न स्विकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम बितरण गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाबाट सर्वसम्मतीले स्विकृत गरियो ।

***५ बैंकको पूँजीको संरचनाः***

*कम्पनीको पूँजीको संरचना देहाय बमाजिम हुनेछ ः*

(ख) बैंकको जारी गर्ने शेयर पूँजी रू. ७०,३१,००,४०१/७५ हुनेछ ।

(ग) बैंकको चुक्ता पूँजी रू. ७०,३१,००,४०१/७५ हुनेछ ।

५. सञ्चालकहरूको भ्रमण भत्ता सम्बन्धमा छलफल गरी नियमावलीको नियम ३१(१) (ग) मा संशोधन गर्ने,

सञ्चालकहरूको बैदेशिक भ्रमण भत्ता समय सापेक्ष बृद्धि गर्न आवश्यक देखिएकोले अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको नियमावलीको नियम ३१ (१) को (ग) मा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**<u>३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :</u>**

१. सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछः

(ग) बैकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

*<u>आ) बिदेश भ्रमण गर्दा :</u>*

*(१) बिदेशमा भ्रमण गर्दा प्रदान गरिने भ्रमण खर्च बास्तविक तथा बास खर्च बापत प्रति रात १००।०० अमेरिकी डलर र दैनिक भत्ता बापत प्रति दिन १५०।०० अमेरिकी डलर हुनेछ ।*

६. यस बैंकको प्रबन्धपत्रको दफा ३ (१) मा वित्तीय संस्थाको उद्देश्य थप गर्ने,

सेवाको बिविधीकरण गर्न आवश्यक भएकोले वित्तीय संस्थाको उद्देश्य थप गर्न आवश्यक देखिएकोले अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको प्रबन्धपत्रको दफा ३ (१) मा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**<u>३. वित्तीय संस्थाको मुख्य उद्देश्य :</u>**

(१) नेपाल राष्ट्र बैंक ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन तथा अन्य प्रर्चालत कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछः–

*(च) नियमनकारी निकायको निर्देशनको अधिनमा रही वित्तीय पहुँच र सेवालाई सर्वसुलभ बनाउने, बिकास गर्ने, सुरक्षित गर्ने अभिप्रायले नेपाल सरकारका सम्बन्धित निकायका साथै अन्य संस्थाहरू (बैंक, बीमा कम्पनी, विप्रेषण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरू आदि) को एजेन्सी लिई कार्यहरू गर्ने ।*

७. प्रबन्धपत्रको दफा ४ र नियमावलीको नियम ८(३), नियम १०, नियम १६ र नियम १७ मा संशोधन गर्ने,

बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैकको प्रबन्धपत्रको दफा ४ र नियमावलीको नियम ८(३), नियम १०, नियम १६ र नियम १७ मा संशोधन गर्न आवश्यक देखिएकोले अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा बैंकको प्रबन्धपत्र र नियमावलीमा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

*<u>४. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरूः</u>*

यस वित्तीय संस्थाले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, *२०७३ को दफा ४९ को उपदफा (४) बमोजिम "घ" वर्गको* ईजाजतपत्र प्राप्त संस्थाको रूपमा रही सो ऐन, कम्पनी कानुन तथा अन्य प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिमको कार्यहरू गर्न सक्नेछन्ः–

*<u>८. सञ्चालकको संख्या र कार्यकालः</u>*

*(३) सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ। स्वतन्त्र सञ्चालक एक कार्यकालको लागि मात्र र कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछन।*

**<u>१०. सञ्चालक समितिको बैठकः</u>**

(१) समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लेखित पदाधिकारीले बोलाउने छ। कुल सञ्चालक संख्याको कम्तीमा एक तिहाई सञ्चालकहरूले बैठकमा छलफल गर्नुपर्ने बिषय खुलाई लिखित अनुरोध गरेमा त्यस्तो पदाधिकारीले समितिको बैठक जुनसुकै बखत बोलाउनु पर्नेछ। यसरी निजले बैठक नबोलाएमा सो कुरा खुलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ। यसरी प्राप्त भएको निवेदन उपर कम्पनी रजिष्ट्रार कार्यालयले छानविन गरी अध्यक्षले बैठक नबोलाएको पाईएमा कार्यालयले एकाउन्न प्रतिशत सञ्चालकको उपस्थितीमा बैठक बस्न अनुमति दिन सक्नेछ।

**१६. शेयरधनी बाहेकको अन्य कुनै ब्यवसायिक ब्यक्तीलाई सञ्चालक नियुक्ति गर्ने भए निजहरूको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धि ब्यवस्थाः–**

(१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन र नेपाल राष्ट्र बैकको निर्देशनले ब्यवस्था गरे बमोजिम सञ्चालक समितिले एकजना स्वतन्त्र सञ्चालक नियुक्ति गर्नेछ।

**१७. स्वतन्त्र सञ्चालक सम्बन्धी ब्यवस्था, संख्या र योग्यताः–**

वित्तीय संस्थामा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको ब्यवस्थाको अधिनमा रही सञ्चालक समितिले नियुक्ति गरेको १ जना ब्यवसायिक सञ्चालक नै स्वतन्त्र सञ्चालकको रूपमा रहने छ। निजको काम, कर्तब्य, अधिकार, सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ।

८. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक संशोधन/ परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने।

उल्लेखित विशेष प्रस्तावहरू तथा सोबाट पर्न जाने असर र नियमनकारी निकायको निर्देशन तथा प्रचलित कानुनको अधिनमा रही प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक थपघट गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा सो सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन/ परिमार्जन गर्न सर्वसम्मतीले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गऱ्यो।

**(ग) बिविधः**

**१२. धन्यवाद ज्ञापनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूबाट छलफलमा सक्रिय रूपले सहभागी भई उहांहरूबाट महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्राप्त भएकोमा आभार ब्यक्त गर्दै आफ्नो अमूल्य समय दिई सोह्रौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सवैलाई धन्यबाद ज्ञापन गर्नु भयो ।

**१३. सभा विसर्जनः**

तत्पश्चात, अध्यक्षले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरूबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापुर्वक सम्पन्न भएको घोषणासहित दिउसो १२ः४५ बजे सभा बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| .............................. | ............................... | ........................... |
| (ज्ञानेन्द्रप्रसाद अर्याल)<br>कम्पनी सचिव | (प्रकाशबहादुर श्रेष्ठ)<br>सञ्चालक<br>प्रतिनिधि, सर्वसाधारण | (दिपक खनाल)<br>अध्यक्ष |

मितिः २०७४ पौष २७ गते दिउसो १२ः४५ बजे ।